'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
नमस्ते कर्णाली
Namaste Karnali National Daily
राष्ट्रिय दैनिक
वर्ष १ अंक : १८७ सोमवार १९ फागुन, २०८१ 03 (Monday) March 2025 पृष्ठ ४, मूल्य रु : १०।-

सीमान्तकृत खुना समुदायको अस्तित्व संकटमा

सरला सुवेदी

नेपालगन्ज, फागुन/१८

बाँके जिल्लाको राप्तिसोनारी गाउँपालिका अन्तर्गत पर्ने भम्का गाउँमा करिब २०० घरधुरी खुना समुदायको बसोबास छ । परम्परागत रूपमा बालुवा चालेर सुन निकाल्ने र माछा मार्ने पेशामा आश्रित यो समुदाय पुस्तौँदेखि यहाँ रहँदै आए पनि उनीहरूले आफ्नै भोगचलनमा रहेको जमिनको कानुनी स्वामित्व पाउन सकेका छैनन् । स्थानीय अगुवा नेत्रप्रसाद खुना भन्नुहुन्छ खुना समुदायले वर्षौंदेखि खेतीपाती तथा नदीजन्य व्यवसाय गर्दै आए पनि उनीहरूको नाममा लालपुर्जा नहुँदा सरकारी सुविधा तथा हक प्राप्त गर्न सकिएको छैन । "हामी पुस्तौँदेखि यहीँ बस्दै आएका छौँ, खेती गर्दै आएका छौँ । तर, लालपुर्जाविहीन भएका कारण सरकारी निकायबाट कुनै सेवा सुविधा पाउन सकिरहेका छैनौँ,'' भम्का गाउँ र कुसुम बजारबीच राप्ती नदी पर्ने भएकाले यातायातको असुविधा खुना समुदायका लागि अर्को ठूलो चुनौती बनेको छ। अहिले उनीहरू झोलुङ्गे पुल प्रयोग गरेर ओहोरदोहोर गर्छन् । "ठूलो पुल नहुँदा बजार जान निकै कठिन छ। बिरामी हुँदा अस्पताल पुर्याउनै समस्या पर्छ,'' स्थानीय माया खुना भन्नुहुन्छ। खुना समुदायका मानिसहरु थारु समुदायसँग घुलमिल भएकाले कतिपयले खुना समुदायलाई पनि थारु जाति नै ठान्ने गर्छन्, तर यो समुदायको आफ्नै मौलिक रीतिरिवाज र परम्परा छ । नेपालको नयाँ संविधानले अधिकतम सीमान्तकृत र अल्पसंख्यक समुदायहरूलाई सूचीकृत गरी उनीहरूका लागि विशेष सेवा र सुविधा उपलब्ध गराएको छ । तर, खुना समुदाय सूचीकृत अल्पसंख्यक समुदायको सूचीमा नपरेका कारण सरकारी राहत तथा अन्य सुविधाबाट वञ्चित छन् । "हामीले पटक-पटक राज्यका निकायमा ध्यानाकर्षण गरायौँ, तर अहिलेसम्म कुनै सुनुवाइ भएको छैन । यदि हामीलाई अल्पसंख्यक सूचीमा राखियो भने मात्र हाम्रो भविष्य सुरक्षित हुनेछ,'' स्थानीय युवा भुवन खुना भन्नुहुन्छ। खुना समुदायको मुख्य जीविकोपार्जन नदीसँगै जोडिएको छ । बर्खायाममा राप्ती नदीमा आउने बाढीपछि बालुवा चालेर सुन निकाल्ने र माछा मार्ने परम्परागत पेशामा उनीहरू निर्भर छन् । तर, बाँके राष्ट्रिय निकुञ्ज स्थापना भएपछि यो पेसा संकटमा परेको छ। "पहिले हामी खुला रूपमा नदीमा बालुवा चालेर जीविका चलाउँथ्यौँ, अहिले निकुञ्जले नदी आफ्नो नियन्त्रणमा लिएपछि हामीलाई यो काम गर्न रोक लगाइएको छ,'' भुवन खुना बताउनुहुन्छ। अबको विकल्प खोज्न नसकिए यस समुदायको दैनिकी थप कठिन हुने देखिन्छ । जग्गाको कानुनी स्वामित्व नहुनु, यातायातको अभाव, सरकारी सेवामा पहुँच नहुनु र परम्परागत पेसा संकटमा पर्नु जस्ता कारणले खुना समुदाय झन् सीमान्तकृत बन्दै गएको छ। उनीहरूको पहिचान, आर्थिक अवस्था र जीविकोपार्जनको माध्यम जोगाउन सरकारको ध्यान आवश्यक देखिन्छ । यदि समयमै उचित नीति निर्माण गरिएन भने खुना समुदाय थप समस्यामा पर्ने निश्चित छ । उनीहरूको जीवनस्तर सुधार गर्न, परम्परागत पेसालाई पुनर्जीवन दिन, यातायात तथा अन्य पूर्वाधार निर्माण गर्न तथा अल्पसंख्यक सूचीमा समावेश गर्न सरकारको पहल आवश्यक छ । राज्यले तत्काल ठोस कदम नचाले यो समुदायको अस्तित्व संकटमा पर्नेछ।

मुख्यमन्त्री कोहलपुर गोल्डकप

भारतको साहारालाई हराउँदै नवलपरासी विजयी

नमस्ते समचारदाता

कोहलपुर, फागुन/१८

बाँकेको कोहलपुरमा शनिबारदेखि सुरू भएको तेस्रो मुख्यमन्त्री कोहलपुर गोल्डकपमा राइजिङ स्टार फुटबल क्लब नवलपरासीले जित हासिल गरेको छ। आइतबार सम्पन्न दोस्रो क्वाटर फाइनल खेलमा भारतको साहारा फुटबल क्लबलाई पेनाल्टी सुटआउट ४-३ गोल अन्तरले हराउँदै नवलपरासी विजयी भएको हो । खेल अवधिभर दुवै टोलीले गोलका लागि थुप्रै प्रयास गरेका थिए । खेलको पहिलो हाफ बराबरीमा रोकिएको थियो। दोस्रो हाफमा समेत दुवै टोली गोल गर्न असफल गरे। निकै प्रतिष्पर्धात्मक खेलमा निर्धारित ९० मिनेटमा कुनैपनि गोल गर्न नसकेपछि पेनाल्टीमा गएको थियो । पेनाल्टीमा भने राइजिङ स्टार फुटबल क्लब नवलपरासी भाग्यमानी ठहरियो । गोलकिपर प्रतिक सुनारको उत्कृष्ट प्रदर्शनबाट नवलपरासीले सेमिफाइनलमा स्थान पक्का गरेको छ । आफ्नो टिमलाई जिताउन सुनारले साहाराका तीन वटा पेनाल्टी बचाएका थिए । राइजिङ स्टार फुटबल क्लब नवलपरासीका गोलकिपर सुनार म्यान अफ द म्याच घोषित भए । उनले नगद् पाँच हजार रुपैयाँ प्राप्त गरेका छन् । म्यान अफ द म्याच घोषित सुनारलाई कोहलपुर उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष लक्ष्मरण राज पौडेलले पुररस्कार प्रदान गरेका हुन् । म्यान अफ द म्याच घोषित सुनारले आफ्नो टिमलाई जिताउन महत्वपूर्ण भूमिका खेल्न पाउँदा खुसी लागेको बताए। गोल्डकपको पहिलो दिन सम्पन्न पहिलो क्वाटर फाइनलमा आयोजक कोहलपुर रेसिङ साहारा फुटबल क्लबले बिजयी थियो । शनिबार सम्पन्न खेलमा लुम्बिनी फुटबल एडेकेमीलाई २-० गोल अन्तरले हराउँदै आयोजक टिमले विजयी भएको हो । गोल्डकपको तेस्रो दिन सोमबार दिउँसो ३:०० बजे कोहलपुरस्थित तेह्र विगाहा खेल मैदानमा प्लानिङ ब्वाईज युनाइटेड क्लब काठमाडौँ र राईनो फुटबल क्लब, गण्डकीबीच हुने आयोजकले जनाएको छ । प्रतियोगितामा घाना र भारतसहित आठ वटा टिमको सहभागिता रहेको छ । घानाको अफ्रिकन राष्ट्र घाना फुटबल क्लब, भारतको साहारा फुटबल क्लबसहित प्लानिङ ब्वाइज युनाइटेड क्लब काठमाडौँ, लुम्बिनी फुटबल एकेडेमी घोराही दाङ, काक्रेबिहार फुटबल क्लब सुर्खेत, राइजिङ स्टार फुटबल क्लब नवलपरासी, राइनो फुटबल क्बल गण्डकी प्रदेश र कोहलपुर रेसिङ साहारा फुटबल क्लब बाँकेको सहभागिता रहेको छ। कोहलपुर रेसिङ साहारा फुटबल क्लब बाँकेको आयोजनामा सुरु भएको प्रतियोगितामा प्रथम हुने टिमले आठ लाख रुपैयाँ र द्वितीय हुने टिमले चार लाख रुपियाँ पुरस्कार पाउनेछन् ।

सामुदायिक वन उपभोक्ताको माग सम्बोधन गर्न उच्चस्तरीय वार्ता समिति गठन

नमस्ते समचारदाता

देउखुरी, फागुन/१८

लुम्बिनी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

लुम्बिनी प्रदेश सरकारले सामुदायिक वन उपभोक्ता महासंघले उठाएका विभिन्न मागहरूबारे छलफल गर्न मुख्यमन्त्री स्तरीय बैठकबाट उच्चस्तरीय वार्ता समिति गठन गरेको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका उपसचिव मोहन अर्यालका अनुसार उक्त वार्ता समितिको संयोजक लुम्बिनी प्रदेश सभा अन्तर्गत कृषि, वन तथा वातावरण समितिका सभापति विश्वप्रेम पाठक रहनुभएको छ । पाँच सदस्यीय समितिमा प्रदेश सभा सदस्य अर्जुनकुमार केसी, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव ईश्वरराज पौडेल, आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव डिलाराम पन्थी तथा वन तथा वातावरण मन्त्रालयका सचिव मोहनराज काफ्ले (सदस्य सचिव) रहेका छन् । सामुदायिक वन उपभोक्ता महासंघले प्रदेश आर्थिक ऐन २०८१ अन्तर्गत सामुदायिक वन उपभोक्ता समूहमा लगाइएको वन पैदावार शुल्क खारेजीको माग गर्दै आन्दोलन गरिरहेको छ । नवगठित वार्ता समितिले महासंघका मागहरूबारे छलफल गर्दै समाधानको प्रयास गर्नेछ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई
सम्झनुहोला।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
☎ कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्याक्तिगत घटनाहरु भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

सान्नीत्रिवेणी गाउँपालिका
कालिकोट

ठूलालाई 'ब्रान्ड'को डर, नयाँको छैन भर

रमेशप्रसाद गौतम



राजधानी दैनिकले शुक्रबार 'अचम्म' को विज्ञापन छाप्यो- बिक्दै नबिक्ने पत्रिका' । ज्याकेट पेजमै छापिएको यो विज्ञापन सरसर्ती हेर्दा 'राजधानी पत्रिका बिक्नै छोडेछ, त्यसैकारण पत्रिकाले हात ठड्यायो' भन्ने अर्थ लाग्छ । अर्कोतिर, कुनै पनि 'दबाब, प्रभाव र प्रलोभन' मा 'नबिक्ने स्वच्छ छविको पत्रिका' भनेर आफ्नो दाबी प्रस्तुत गरेको देखिन्छ। जे होस्, द्विअर्थी विज्ञापनले सामाजिक सञ्जालमा राम्रै बहस छेड्यो-पत्रिकाको भविष्यबारे । कसैले डिजिटल जमानामा परम्परागत शैलीका पत्रिकाको भविष्य छैन भन्ने तर्क गरिरहेका छन् । कतिपयले 'पत्रिकाको विकल्प अरू मिडिया हुन सक्दैनन्' भन्ने आशाको दियो जगाएकै छन् । तर, तथ्य के हो भने, पत्रिका (प्रिन्ट मिडिया) को भविष्यमाथि प्रश्न उठेकै छ । यही रूपमा प्रिन्ट मिडियाले निरन्तरता पाउने-नपाउने भन्नेमा सञ्चालकदेखि सञ्चारकर्मी 'कुहिरोको काग जस्ता' छन् । अझ भनौं, प्रिन्ट मिडियामै भविष्य देख्नेहरूका सपना कतै 'पानीका फोका जस्तै' बिलाउने त होइनन् भन्ने चिन्ता थपिएको छ । 'भगवान् भरोसा' वा 'चल्छन् होला नि !' भन्ने आसमा मात्रै प्रिन्ट मिडिया दौडिरहेको यथार्थता हो ।

ब्रान्डको महत्व

छिमेकी चीन आज विश्वमा पहिलो शक्ति राष्ट्र बन्न खोज्दै छ । तर, उसलाई एउटै तगारो छ-'ब्रान्ड' को । चिनियाँ सामग्री सस्ता छन् । त्यसैकारण प्रयोगकर्ता अधिक छन् । तर, जे जतिले चिनियाँ सामान प्रयोग गर्छन्, उनीहरूमा 'ब्रान्ड' प्रतिको विश्वसनियता छैन । अमेरिकालगायत पश्चिमा मुलुकले जे-जति उत्पादन गर्छन्, ती महँगा छन्, तर 'ब्रान्डेड' मा गनिन्छन् । महँगै तिरेर सामान किन्नुपर्ने बाध्यता भए पनि ती देशका उत्पादनप्रति उपभोक्ता ढुक्क हुन्छन् । विश्वास गर्छन् । हो, नेपाली मिडियाको अहिलेको अवस्था पनि त्यस्तै देखिन्छ। पुराना एवं ठूला मिडिया समाजका 'ब्रान्ड' हुन् । तिनका जे जति पाठक, दर्शक, श्रोता छन्, ब्रान्ड नहेरी-नपढी चित्त बुझाउँदैनन् । हतपति 'नयाँ मिडिया' को विश्वास गरिहाल्दैनन् । तर, यतिले मात्रै पुग्दैन । सस्ता, भाइरल र बिकाउ 'कन्टेन्ट' को पछि दौडिरहेको जमाततलाई पनि ब्रान्डप्रति आकर्षित बनाउने दायित्व र जिम्मेवारीबाट आँखा चिम्लिन मिल्दैन । सन्देशविहीन, भ्रामक र कुसामग्रीको लतबाट पाठक-श्रोता-दर्शकलाई छुटाउन सकेमात्रै मूलधारको मिडियाको बजार सुरक्षित हुने निश्चित छ । चिनियाँ सामानका प्रयोगकर्ता जस्तै छन् । च्याउसरी उम्रेका अनलाइन र नयाँ मिडिया (युट्युब च्यानल) का 'अडियन्स' पनि । अनलाइन वा न्यू मिडियामा 'भाइरल'का अन्टसन्ट गतिविधि, घर झगडा र गालीगलौचका सामग्रीमा अविश्वसनीय रूपमा 'भ्यूअर्स' देखिन्छन् । तर, त्यस्ता सामग्री एकछिन हेर्दा त आनन्द आउँछ। तर, सामाजिक सन्देश ? समाजप्रतिको जिम्मेवारी र कर्तव्य ? केही पनि भेटिँदैन । 'डलर' कमाउने विशुद्ध उद्देश्यका 'अन्टसन्ट कन्टेन्ट' ले समाजलाई दिग्भ्रमित मात्रै बनाएका छन् । समाजलाई सकारात्मक दिशातिरभन्दा अराजकताले मलजल पुर्याइरहेका छन् । ठूला मिडियाले खोजबिन गरेका 'सिरियस म्याटर्स' मा पाठक(दर्शक निकै कम हुन थालेका छन् । त्यस्ता सामग्री अनलाइन वा सोसल प्लेटफर्ममा राखे भ्युअर्स पाउनै गाह्रो हुन्छ। दुःखद कुरो, त्यस्ता सामग्रीमा गालीगलौज, भडास र आरोपका 'कमेन्ट' को बाढी हुन्छ । कमेन्ट पढ्दा लाग्छ, मूलधारका मिडियाले पत्रकारिता गरिरहेका छन् वा कुनै 'अपराध' ? सन्दर्भविहीन सामग्री ट्याग गर्ने, पत्रकार (मिडिया हाउसको 'हुर्मत' लिने र अप्रमाणित आरोप लगाएर उल्टै पत्रकारको बदख्वाई गर्ने कार्य तीव्र रूपमा भइरहेको छ । यसले एकातिर, मूलधारका मिडिया समाप्त गर्नुपर्छ भन्ने नियोजित षड्यन्त्रलाई मलजल गरिरहेको छ । अर्कोतिर, पत्रकारिता क्षेत्रकै बदनाम गर्ने र आफ्नो आलोचना गर्ने कमलका निभ भाँच्ने कुत्सित चाल लुकेको देखिन्छ।

कन्टेन्टमा लगानी खै ?

हो, विज्ञान र प्रविधिको तीव्रतर विकासले 'ठूला मिडिया' माथि चुनौती थपिएकै छ । हामी त ब्रान्ड हौ भनेर 'पाठकले खोजेको भन्दा आफूले रोजेको' सामग्री पस्केर मात्रै समाजले यी मिडियालाई पत्याउने अवस्था पटक्कै छैन । किनभने, पूर्वसभामुख कृष्ण बहादुर महराको यौनदुर्व्यवहार काण्ड, सेक्युरिटी प्रिन्टिङको घुसकाण्ड, बाँसबारी जग्गा हिनामिनाजस्ता ठूला अनियमितताका पर्दाफास ठूला मिडियाले गरेनन् । यसमा मूलधारको पत्रकारिता चुकेकै हो । त्यसपछि नै मूलधारको पत्रकारिताको परिभाषामाथि पनि प्रश्न उठ्न थाल्यो। केलाई मूलधार मान्ने ? मूलधारले नउधिन्दैमा सूचना पाउने जनताको हक कुण्ठित हुन्छ र ? यावत प्रश्नको घेरामा मूलधारको पत्रकारिता छ । यसैकारण, सूचनामात्र होइन, खोज समाचार-विश्लेषणका लागि पनि अब मूलधारको मिडियाको मात्रै मुख ताक्नुपर्ने बाध्यताको अन्त्य भएको छ। अर्कोतिर, दिनभरि अनलाइनमा पढिसकेका, सामाजिक सञ्जालमा लिंक 'भाइरल' बनिसकेका र दर्शक-श्रोता 'अघाइसकेका' सामग्रीले प्रिन्ट मिडिया जिउन सक्दैन । यिनै सामग्रीका लागि पाठकले किनेर 'प्रिन्ट' मिडिया किन पढ्ने ? अनलाइनका 'कपी पेस्ट' का समाचार भोलिपल्ट प्रिन्टमा दिनु भनेको 'पाठक माथिको अन्याय' नै हो । नवीन प्रस्तुति, शैली र 'कन्टेन' मा ख्याल नगर्ने हो भने मूलधारको मिडिया तंग्रिने होइन, सुकेनास लागेर नासिँदै जाने निश्चित छ । त्यसका लागि अब कन्टेन्टमा लगानी गर्न कञ्जुस्याइँ गर्नुहुँदैन । 'कन्टेन्ट' नै मिडियाको आत्मा हो। आत्मा नै नभएको निर्जीव वस्तुलाई पाठक-श्रोता-दर्शकलाई 'बेच्न' खोजेर जीविका चल्दैन । पाठक, दर्शक र श्रोताको अभिरुचि, प्रस्तुतिको शैली र नविनतम प्रयोगको जरुरी भइसकेको छ।

गालीमात्रै किन ?

मूलधारका मिडियाका सामग्री सोसल प्लेटफर्ममा राख्यो कि, तालीभन्दा गालीको वर्षा हुने गरेको छ। सञ्चार माध्यम र पत्रकारमाथि अप्रमाणित आरोप लगाउने, 'टिस्ट' गर्ने, पत्रकार-संस्थाको हुर्मत लिने काम भइरहेको छ । किन यस्तो त ? के पत्रकार-मिडिया हाउसले नाजायज फाइदा मात्रै उठाइरहेका छन् त ? पक्कै होइन। यसको अर्थ उनीहरू प्रश्नभन्दा बाहिर छन् भन्ने पनि होइन। राज्यका निकाय छन्, गलत गर्ने जो कोही कानुनभन्दा माथि हुन सक्दैन। छानबिन गरेर दोषी भेटिए कारबाही गर्नुपर्छ । तर, ज-जसले मिडियाकर्मी र मिडिया हाउसमाथि नियतवस गाली र आरोपमात्रै लगाइरहेका छन्, उनीहरूको भित्रि मनसाय र उद्देश्य के हो ? किन उनीहरू जेमा पनि पत्रकार वा उनीहरू कार्यरत संस्थाको हुर्मत लिइरहेका छन् ? डराउनु पर्दैन । यो व्यावसायिक, निष्पक्ष र स्वतन्त्र पत्रकारिता पेसाको बदनाम गर्ने र समाप्त गर्ने भित्री चाल हो। नयाँ हुन वा पुराना राजनीतिक दल-नेता हुन्, मिडियाले 'तेरोमेरो' भनेर आफ्नो धर्म छोड्न मिल्दैन। एक अर्थमा भन्दा छोडेका पनि छैनन् । हिजोका लाउडा काण्डदेखि वाईडबडी काण्डलाई जनतासमक्ष उजागर गर्ने काम यिनै मिडियाले गरेका हुन्। त्यतिमात्र होइन, तत्कालीन राजाले लोकतन्त्रको घाँटी निमोठ्दा लोकतन्त्र, मानवअधिकार, अभिव्यक्ति तथा स्वतन्त्रता हकका लागि मिडिया र मिडियाकर्मी सडकमा ओर्लेकै हुन् । त्यसैकारण पनि प्रेस स्वतन्त्रमा मात्र नभई 'पूर्ण प्रेस स्वतन्त्रता' संविधानको प्रस्तावनामै लेखियो । तर, आज लोकतन्त्रको खुलापन, बोल्न पाउने अधिकारको 'दुरुपयोग' गरेर पत्रकारिता पेसामाथि हिलो छ्याप्ने र यसको बदनाम गर्न खोज्ने तत्वप्रति सजग हुनै पर्छ । प्रेस काउन्सिल, नेपाल पत्रकार महासंघ लगायतका प्रेससँग सम्बद्ध संघ-संस्थाले फेरि एकपटक प्रेस स्वतन्त्रताप्रतिको राजनीतिक प्रतिबद्धता जाहेर गराउन लगाउनुपर्छ । गलत गर्ने जो कोही कानुनी दायरामा आउनुपर्छ, तर बित्थामा अप्रमाणित आरोप मात्रै लगाइराख्ने कुतत्वका कुत्सिल षड्यन्त्रले पत्रकारिता पेसा सप्रिने होइन, घाँटी निमोठिनेछ। एकपटक कल्पना गरौं त, प्रेस बिनाको राज्य संयन्त्र कस्तो होला ? प्रेसले उधिन्दा, अनियमितताको पर्दाफास गर्दा, निरन्तर खबरदारी गर्दा त 'शासक'हरू समाजप्रति जिम्मेवार बन्दैनन् । कर्तव्यको बोध गर्दैनन् । अर्थात्, बलमिच्याइँ र मनपरि गर्छन् भने प्रेस नहुँदा के गर्दा हुन् ? त्यसैकारण राज्यका परिभाषित तीन अंगमाथि जनताको तर्फबाट खबरदारी गर्न निर्धो होइन, बलियो प्रेस चाहिन्छ। बलियो प्रेसले मात्रै लोकतन्त्रको जग बलियो बनाउँछ । तर, आफैं संकटमा परेको प्रेसले कतै कुनै शर्तमा नबिकोस, नझुकोस भनेर जनताको खबरदारी पनि उत्तिकै आवश्यक छ ।

-गोरखापत्र

जनहितमा जारी सन्देश
- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
श्रीनगर, हुम्ला

जनहितमा जारी सन्देश
- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

शुभकालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुकाटिया, कालीकोट

जनहितमा जारी सन्देश
- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

बडीमालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मार्तडी, बाजुरा

जन्म, मृत्यु, विवाह, बसाईं सराईं र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

ताँजाकोट गाउँपालिका
हुम्ला

अधिकृत नआउँदा दैनिक कामकाजमा समस्या

हुम्लाका ५ गाउँपालिका प्रमुख प्रशासकिय अधिकृत विहिन

काली बहादुर थापा

हुम्ला, फागुन/१८



हुम्लाका ५ गाउँपालिका प्रमुख प्रशासकिय अधिकृत विहिन भएका छन् । नेपाल सरकारले माघ ९ गतेका दिन हुम्लाका ५ वटा गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृतको जिम्मेवारी खोसे पश्चात अहिले सम्म नयाँ अधिकृत आएका छैनन् । हुम्ला जिल्लाको सदर मुकाममा रहेको सिमकोट गाउँपालिका, मध्ये क्षेत्रमा रहेको सर्केगाड र चंखेली गाउँपालिका तथा तल्लो क्षेत्रमा रहेका अदानचुली र ताँजाकोट गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृतको जिम्मेवारी मन्त्रीस्तरीय निर्णयका आधारमा माघ ९ गते चार वटा गाउँपालिका (अदानचुली, सर्केगाड, सिमकोट र ताँजाकोट) र माघ ११ गते चंखेली गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृतको जिम्मेवारी खोसेको थियो। प्रमुख प्रशासकिय अधिकृत विहिन ५ वटा गाउँपालिका मध्ये सिमकोटमा गोविन्द प्रशाद दाहाल, सर्केगाडमा दिलिप खड्का र अदानचुली गाउँपालिकामा ताम्रराज काफ्लेलाई फागुन १ गतेबाट लागु हुँने गरी सरकारले नियुक्ती गरेपनि अहिले सम्म गाउँपालिकामा आएका छैनन् । नयाँ सिफारीस भई आएका तिनै प्रमुख प्रशासकिय अधिकृत यस अघि परराष्ट्र मन्त्रालयमा कामकाज गरिरहेका थिए फागुन १ गतेबाट लागु हुँने गरी नेपाल सरकारले स्थानीय निकायमा पठाएपनि आफुलाई अहिले सम्म गाउँपालिकामा पनि नआएको र आफुहरुलाई सम्पर्क समेत नभएको स्थानीय तहका जनप्रतिनिधिहरुले बताउने गरेका छन् । तर अदानचुली गाउँपालिकामा सिफारीस भएका प्रमुख प्रशासकिय अधिकृत ताम्रराज काफ्लेले भने चैत्र १ गतेबाट आफ्नो कार्यक्षेत्रमा जाने बताउनु भएको छ । आफु सरकारले खटाएको ठाउँमा जान तत्पर रहेपनि घरमा आफन्त बिरामी भएकै कारण आफु हस्पिटलमा कुर्न पर्ने भएकाले ढिलाई भएको बताउनु भयो । यता चंखेली र ताँजाकोट गाउँपालिकामा भने अहिले सम्म कसैलाई पनि सिफारीस गरेको छैन । यस अघि सिमकोट गाउँपालिकामा उजिर रोकाया, चंखेली गाउँपालिकामा परम पाण्डे, सर्केगाड गाउँपालिका दिलिप खड्का, अदानचुलीमा हंस महतारा र ताँजाकोटमा राजेन्द्रस्याङ्खु प्रमुख प्रशासकिय अधिकृतको रुपमा कामकाज गरि रहेका थिए तर सरकारले जिम्मेवारी खोसेपश्चात उनिहरु जिम्मेवारी विहिन बनेका छन् ।

नयाँ कार्यकारी नआउँदा कामकाज ठप्प प्रमुख प्रशासकिय अधिकृतको जिम्मेवारी खोसीएको १ महिना बढी बिति ससक्दा पनि स्थानीय तहमा नयाँ कार्यकारी नआउँदा कामकाज ठप्प भएको छ । यि गाउँपालिकाहरुले हिउँदे गाउँसभा समेत गर्न सकेका छैनन् । दक्षिणी क्षेत्रमा रहेको अदानचुली गाउँपालिकाले माघ २७ गते हिउँदे गाउँसभा गर्ने निर्णय गरेको भएपनि सरकारले कार्यकारीको जिम्मेवारी खोसी नयाँ कार्यकारी समेत गाउँमा नपठाउँदा समस्या भएको गाउँपालिकाका अध्यक्ष मोहनविक्रम सिंहको भनाई छ । उहाँको अनुसार जसलाई पठाएपनि छिटो गाउँमा आए हुँन्थ्यो सरकारले खटाएको भन्ने छ तर आफुलाई कुनै जानकारी नभएको प्रतिकृया दिनु भयो, उनले थप्नु भयो जो आएपनि आफ्नो कार्यकाल २ वर्ष मात्र बाँकी रहेकाले निरन्तर २ वर्ष बस्छु भन्ने कबुल गरेर आए जोसुकैलाई पनि स्वागत गर्न आतुर रहेको बताउनु भयो तर उनले आफ्नो गाउँपालिकामा कार्यकारी परिवर्तनकै कारण आफु विबादमा परिरहेकाले अब आफ्नो बाँकी रहेको कार्यकालमा कार्यकारी परिवर्तन नहुँने र निरन्तर २ वर्ष बस्ने सर्तमा आउनु पर्ने बताउनु भयो । यता कार्यकारी नभएकै कारण बिकास निर्माण देखी अन्य दैनिक कामकाजमा समेत समस्या भएको छ। अधिकांस योजनाहरु सम्झौता भई काम सम्पन्न भएको भएपनि कार्यकारी नभएकै कारण भुक्तानी नभएकाले समस्या झेल्नु परेको छ। पुसको पहिलो हप्तामै कर्णाली प्रदेस सरकार अर्थमन्त्रालय र उर्जा तथा जलस्रोत मन्त्रालय लगायत संघिय मन्त्रालयबाट विनियोजित योजनाहरु गाउँपालिकाको कार्यालयमा सम्झौता भएका अधिकांस योजनाहरुको काम सम्झौता भएपनि कार्यकारी नभएकै कारण भुक्तानी रोकीएको छ । यता गाउँपालिका द्धारा विनियोजित र संघ तथा प्रदेश सरकार द्धारा विनियोजित योजनाहरु ठेक्का प्रकृया द्धारा सञ्चालन गर्ने भनिएका सबै योजनाहरु अलपत्र परेका छन् । भने नागरिकका दैनिक सिफारीसका कामहरु समेत प्रभावित भएका छन् ।

मुस्लिम समुदायको महान् पर्व रमजान आजबाट सुरु

नमस्ते समचारदाता

बाँके, फागुन/१८

एक महिनासम्म उपवास बसेर विविध कार्यक्रमका साथ मनाइने मुस्लिम समुदायको महान् पर्व रमजान आज आइतबारबाट सुरु भएको छ । शनिबार बेलुका नेपालगन्जको जामा मस्जिदबाट मुख्य धर्म गुरु मौलाना मुफ्ती जाफर रजाले रमजानको चन्द्रमा देखिएको घोषणा गरेसँगै आइतबार बाट रमजानको महिना सुरु भएको हो। मुफ्ती रजाले रमजानको चन्द्रमा देखिएकोले आज आइतबारबाट एक महिनासम्म रोजा बसेर विविध धार्मिक तथा सामाजिक कार्य गर्न मुस्लिम सुमदायलाई आग्रह गरे। एक महिनासम्म मनाइने रमजान इस्लाम धर्मावलम्बीको महत्त्वपूर्ण चाड हो। शनिबारबाटै तरावी नमाज सबै मस्जिदमा सुरु गरिएको जामामस्जिद सञ्चालक समितिका प्रवक्ता आलम खानले बताए । रमजान सुरु भएको अवसरमा जिल्लाका विभिन्न संघसंस्था तथा स्थानीय सरकारका प्रमुखले शुभकामना दिएका छन्। दारुल उलुम फैजुन्नबी जामा मस्जिद इदगाह सञ्चालक समितिका अध्यक्ष हाजी अब्दुल रहमान मियाँले इस्लाम धर्मावलम्बीको रमजान पर्वको अवसरमा शुभकामना व्यक्त गर्दै आपसी सहिष्णुता, आत्मियता, धार्मिक तथा सांस्कृतिक सद्भाव र भातृत्वलाई प्रवर्धन गर्ने बताए। यसैगरी, नरैनापुर गाउँपालिकाका अध्यक्ष इस्तियाक अहमद शाहले पनि शुभकामना सन्देश जारी गर्दै नेपाल बहुधार्मिक, बहुसांस्कृतिक, बहुभाषिक र बहुजातीय विविधतायुक्त मुलुक भएको उल्लेख गर्दै संविधानले सबै धर्म, संस्कृति, भाषा र सम्प्रदायको समान अस्तित्व स्वीकार गरेकोले रमजान पर्वले नेपालको धार्मिक विविधतालाई अझ मजबुत बनाउने बताएका छन ।मुस्लिम समुदायको पाँच अतिमहत्त्वपूर्ण धार्मिक कार्य कलमा, रोजा, नमाज, हज, र जकात हुन्।ती मध्ये रोजा पनि भएकोले यसलाई अत्याधिक महत्त्वका साथ मनाइने गरिएको छ। घाम उदाउनुभन्दा डेढ घण्टाअगावै सेहरी (खानेकुरा) खाएर प्रारम्भ गरिने रोजा घाम अस्ताएपछि फलफूल तथा मिठाइ खाएर समाप्त गरिन्छ। यो समयलाई रोजा खोल्ने समय भनिन्छ । दिनभर पानी लगायत केही पनि खान नहुने यो पर्वमा मुस्लिमले आ-आफ्नो गच्छे अनुसार विभिन्न किसिमका परिकार बनाई रोजा खोल्ने गर्छन्।रोजाको समयमा कुनै पनि खानेकुरा मुखमा हाल्नु हुँदैन। यो महिनामा नै मुस्लिम समुदायले सबैभन्दा बढी दान गर्ने गर्छन् भने रोजा खोल्ने सामुहिक कार्यक्रम पनि ठाउँ ठाउँमा महिनाभरिनै राख्ने गरिन्छ । मुस्लिम अगुवा मोहम्मद जुबेर राईका अनुसार ३० या २९ दिनको रोजा पूरा गरेपछि मनाइने चाड ईदका दिन पुरूष इदगाहमा र महिला घरमै सामूहिक रूपमा नमाज पढ्न जान्छन्। अन्त्यमा एक आपसमा अङ्गालो मारेर इर्द मुवारक भन्दै शुभकामना र बधाई साटासाट गर्छन्।

हिमाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

धुलाचौर, बाजुरा

सुदूरपश्चिम प्रदेश, नेपाल

बोलपत्र स्विकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८१/११/१९ गते

यस कार्यालयको आ.व. २०८१/०८२ को बोलपत्र आव्हान (ई-बिड) को सूचना अनुसार रितपुर्वक पर्न आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्रहरुको मूल्यांकित सारभुत रुपमा प्रभावग्राही भई स्विकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ प्रयोजनको लागि सम्बन्धित सबै बोलपत्रदाताहरुलाई जानकारीको लागि यो सूचना द्धारा जानकारी गराइन्छ ।

तपशिल

क्र.स.	ठेक्का नं.	कामको विवरण	छनौट भएको बोलपत्र दाताको नाम	कवोल अंक (भ्याट बाहेक)
1	HRM/NCB/WORKS/04/2081/82	Kyudi Health Post Building Construction Work	Budhinanda Nirman Sewa, Himali-07, Bajura	1786295.99

प्रमुख प्रशासकिय अधिकृत

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरून्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

हुम्लामा पाठेघरको मुखको क्यान्सर विरुद्ध खोप अभियान सुरु

नमस्ते समचारदाता
हुम्ला, फागुन/१८

हिमाली जिल्ला हुम्लामा पाठेघरको मुखको क्यान्सर बिरुद्धको (एच.पि.भी.) खोप अभियानको सुरु भएको छ । स्वास्थ्य सेवा कार्यालयले निर्धारित खोप केन्द्रमा भ्याक्सिन, स्वास्थ्यकर्मी, स्वयमसेवक पुगे पछि फागुन १८ गते आईतबार बाट खोप लगाउन सुरु भएको हो ।एच.पि.भी.खोप अभियान जिल्लका सात मध्य दुई वटा गााउपालिकामा सुरु भएको छ । आईतबार सुरु भएका गाउँपालिकामा सिमकोट र अदानचुली गाउँपालिका रहेका छन् । सिमकोट गाउँपालिकामा एक कार्यक्रमको आयोजना गरि अभियानको थालनी गरिएको थियो । खोप लगाउने कार्यमा स्वास्थ्य सेवा कार्यालयकी प्रमुख चिकीत्कस प्रतिक्षा भारतीको पनि सहभागीता रहेको थियो । सो शुभारम्भ कर्यक्रममा जिल्ला समन्वय समितिका उपप्रमुखख दलु फडेरा, सिमकोट गउपालिकाका अध्यक्ष बिजय भण्डारी, प्रमुख जिल्ला अधिकारी नारायण पाण्डे, सिमकोट गाउँपालिकाकी उपाध्यक्ष शुशिला भाम रोकाया लगाएतले निधक्क र बिना डर खोप लगाउन लक्षित वर्गका किशोरीहरुलाई आग्रह गरेका थिए । खोप लगाउने किशोरीहरुलाई एक दाना सुन्तलाको ब्यवस्था पनि स्वास्थ्य सेवा कार्यालयले गरेको थियो । देशभर माघ २२ गतेबाट खोप लगाउन सुरु गरिएको थियो । जिल्लामा चिसो मौसमका साथै दुर्गम जिल्ला भएको कारण विद्यालय समेत बन्द रहेको कारण केही समय ढिला गरी यो खोप अभिययान सञ्चालन भएको हो । किशोरीहरुलाई खोप लगाउनका लागि तीन हजार ७८० भाईल खोप जिल्लामा आई पुगेको र सो भ्याक्सिन खोप केन्द्रतर्फ ढुवानी भई सकेको थियो । विद्यालय बाहिरका १० देखि १४ वर्ष उमेर समूहका किशोरीहरुलाई सो खोप लगाउन लागिएको छ । भने विद्यालयमा अध्ययन गर्ने कक्षा छ देखि दशसम्मका किशोरीले पनि यो खोप लगाउने कार्य सुरु भएको छ । तीन हजार चार सय ४३ किशोरीलाई लक्षित गर्दै खोप अभियान सुरु भएको हो । विद्यालय जाने किशोरी र विद्यालय जान नपाएका दुबै समुहका किशोरीमा यो खोप लगाइने भएको हो । जिल्लाका सात वटा गाउँपालिकाहरुमा ९९ वटा खोप केन्द्रबाट उक्त खोप अभियान सञ्चालन भएको छ ।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अब तपाईहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक
ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:
आकर्षक भित्ते घडी
यतिमात्र होईन... साथमा
बम्पर उपहार
रंगिन टिभी एकजनालाई
१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
[illegible]लपुर, न्यरोड बाँके फोन नं. ९८४७२४६९०३
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, गमगढी मुगु, खलगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा

पुरुष फुटबल टोलीको मुख्य प्रशिक्षकमा म्याट रोस

नमस्ते समचारदाता
काठमाडौं, फागुन/१८



अखिल नेपाल फुटबल संघले अस्ट्रेलियाका म्याट रोसलाई पुरुष फुटबल टिमको मुख्य प्रशिक्षक बनाएको छ । म्याटले एन्फा महासचिव किरण राईको उपस्थितिमा एक वर्षका लागि सम्झौता पत्रमा हस्ताक्षर गरेका हुन्। एन्फाले ४ सय ५ जनाको आवेदन परेको र त्यसबाट २० जनाको सर्ट लिस्ट गरेको थियो। जहाँबाट १० हुँदै ५ जनाबाट अन्तिममा म्याटको नाम छनोट गरेको हो । यसअघि इटालियन प्रशिक्षक भिन्सेन्जो अल्बार्टो एनेससँगको सम्झौता सकिएपछि एन्फाले उनीसँग सम्झौता थप गरेको थिएन। त्यसपछि एन्फाले नयाँ प्रशिक्षकको आवेदन गरेको हो । नयाँ प्रशिक्षकका लागि एन्फाले प्रो लाइसेन्ससहित व्यवसायिक स्तरको अनुभव बोकेको र कम्तिमा पाँच वर्षको अनुभव भएको हुनु पर्ने बताएको थियो । नेपालले म्याटको नेतृत्वमा अब एएफसी एसियन कप २०२७ को छनोट चरणको अन्तिम चरणमा नेपाल समूह ‘एफ’ का खेल खेल्ने छ। नेपालको समूहमा भियतनाम, लाओस र मलेसियासँग भिड्ने छ। जसअन्तर्गत नेपालले मार्च २५ मा होम म्याच मलेसियासँग खेल्ने तय छ। एसियन कप छनोटमा मार्चमा मलेसियासँग होम म्याच खेलेपछि नेपालले जुन १० मा लाओससँग अवे म्याच, अक्टोबर ९ मा भियतनामसँग अवे म्याच, अक्टोबर १४ भियतनामसँगै होम म्याच, नोभेम्बर १८ मा मलेसियासँग अवे म्याच र २०२६ मार्च ३१ मा लाओससँग होम म्याच खेल्ने कार्यतालिका रहेको छ । सन् २०२७ मा साउदी अरबियामा हुने एसियन कपमा लागि समूह विजेता मात्र छनोट हुनेछ।

३ दिनदेखि अवरुद्ध नाग्म–गमगढी सडक सुचारु

नमस्ते समचारदाता
मुगु , फागुन/१८

हिमपात अवरुद्ध नाग्म-गमगढी सडक ३ दिनपछि बल्ल आइतवार बेलुका ५ बजेबाट सुचारु भएको छ । कर्णाली राजमार्ग अन्तरगत नाग्म-गमगढी सडकखण्डको सातमोड,सिप्टिचौर र बुलबुले क्षेत्रमा बाख्लो हिउँ जम्दा सडक अवरुद्ध भएको थियो । अवरुद्ध सडकको हिउँ तथा झरेको पहिरो हटाउन शुक्रबारबाट सडक डिभिजन कार्यालय जुम्ला र नेपाली सेनाले शुरु गरेपनी आइतवार दिउँसो २ बजेमात्र सकिएकाले यो खण्डको सडकमा यातायत सुचारु भएको हो । सडक सुचारु भएपछि मुगुबाट अन्य जिल्लामा जाने र मुगु तर्फ आउने मालवाहक तथा यात्रु वाहक सवारिका साधनहरु आ आफ्ना गन्तव्य तिर लागेका छन्। नेपालकै प्रमुख गन्तव्य रारा ताल घुम्न आएका आन्तरिक पर्यटक सडक अवरुद्ध हुँदा ३ दिन देखि बुलबुलेमा बास बसेका थिए अब सडक सुचारु भयो रारा आउने पर्यटक,साना ठुला गाडी सबै आ आफ्नो गन्तव्य तिर हिडि सकेको प्रमुख जिल्ला अधिकारी कमल प्रसाद पाण्डेले जानकारी गराए । उनले भने, ‘हिउँ हटाउन सडक डिभिजनको एक्साभेटर सहितको टोलिले ३ दिनदेखि रातदिन नभनी हिउँ पन्छाउने काम गर्यो र बुलबुलेमा रहेको नेपाली सेनाले पनि सहयोग गर्दा सडक खोल्न सहज भयो।’मेसिन र जनशक्ति परिचालन गरी भूलभुले, सात मोड र जिअ भिड क्षेत्रमा रहेको ४ किमि सडकको हिउँ र पहिरो हटाईएको सडक डिभिजन जुम्लाका प्रमुख दीपेन्द्र चौधरीले बताएका छन्। कर्णाली राजमार्गको यही सडक भएर नेपालकै ठूलो ताल रारा ताल र प्रसिद्ध धार्मिक स्थल छायाक्षेत्र,रिणिमोक्ष र थार्पमष्टा पुगिने भएकाले यो सडक सधैँ व्यस्त सडक मानिन्छ ।

सूचना । सूचना ।। सूचना ।।।

धार्मिक, साँस्कृतिक, असीम आध्यात्मिक, अतुलनीय पुरातात्विक स्मारकहरुयुक्त आराध्यदेव भगवान श्रीपशुपतिनाथको दिव्य निवासस्थल, गुह्येश्वरी, वच्छला, भुवनेश्वरी आदि देवीहरुको क्रिडास्थल, नेपाल देशको उद्भव भएदेखिकै पुण्यभूमि, यस दिव्यभूमि पवित्र पाशुपत क्षेत्रलाई सफा, स्वच्छ, स्निग्ध, शान्त, सुरक्षित एवम् सम्पदामैत्री बनाउनु हामी सबैको कर्तव्य हो ।

जय श्रीपशुपतिनाथ

पशुपति क्षेत्र विकास कोष
सञ्चालक परिषद्